# सखुवानन्कारकट्टी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सखुवानन्कारकट्टी, सिरहा

प्रदेश नं. २, नेपाल

पत्र संख्या : २०७७/०७८
चलानी नं. ९८८९

मिति : २०७८।०१।२० गते

**लागत साझेदारीमा वाखाको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०७८ वैशाख २० गते**

प्रस्तुत विषयमा आ.व. २०७७/०७८ को संघिय सर्शत कार्यक्रम अन्तरगत स्वीकृत वार्षिक कार्यक्रम अनुसार निम्नलिखित कार्यक्रमहरु "लागत साझेदारीमा वाखा स्रोत केन्द्र विकास कार्यक्रम सञ्चालन प्रक्रिया-२०७७" वमोजिम लागत साझेदारीमा कार्य गर्न ईच्छुक सहकारी संस्था, कृषक समूह/समितिहरुले यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समयभित्र निवेदन दर्ता गर्नु हुन आहान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाधी प्राप्त हुन आएका निवेदनहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

| क्र.सं. | कार्यक्रम | संख्या | गाउँ पालिकावाट व्यहोरिने साझेदारी रकम रु. |
|---|---|---|---|
| १. | लागत साझेदारीमा वाखाको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन | १ | १०,००,०००।- |

निवेदन अनुसूची-३ वमोजिम र अनुसूची-२ वमोजिम संक्षिप्त व्यावसायिक कार्ययोजनाको ढाँचा तथा कार्यक्रम संचालन प्रक्रिया यस गाउँ पालिकाको वेवसाईट www.sakhuwanankarkattimun.gov.np बाट डाउन लोड गर्न सकिने छ वा सम्वन्धित वडा कार्यालयवाट प्राप्त गर्न सकिने छ। अन्य थप जानकारीका लागि फोन नं. ९८४७१५५३९७ मा सम्पर्क गर्नुहुन अनुरोध छ।

**निवेदन साथ संलग्न कागजातहरु :**

१. अनुसूची-२ वमोजिम कार्य योजना
२. सम्वन्धित समुह समितिहरुले निर्णय प्रतिलिपि, सम्वन्धित निकायमा दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपि र आ.वं. २०७६।०७७ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि साथै पशु समुहको लागि नविकरणको प्रतिलिपि पेश गर्नु पर्ने छ।
३. सम्वन्धित वडाको सिफारिस।
४. अनुसूची-३ वमोजिम निवेदन।
५. रु. १० को हुलाक टिकट एवम निवेदन सहित।
६. समूह/समिति/सहकारी संस्थाको साझेदारी कार्यक्रम संचालन गर्ने निर्णयको प्रतिलिपि।
७. समूह/समिति/सहकारी संस्थाका सदस्यहरुको नामावली।
८. समूह/समिति/सहकारी संस्थाको दर्ता प्रमाणपत्र र सहकारी संस्थाको हकमा कृषि/पशुपालन/दुग्ध व्यवसाय संचालन गर्ने उद्देश्य खुल्ने कागजातको प्रतिलिपिहरु।
९. समुह/सहकारीको अध्यक्षको नागरिक्ताको प्रतिलिपि।

............
रामकिशोर महतो
प्रमुख प्रशासकीय अधिकृत

राम अचिन्त पाठक
शाखा प्रमुख

**वोधार्थ :**
१. श्री जिल्ला प्रशासन कार्यालय, सिरहा। (सूचना टाँस गरिदिनुहुन)
२. श्री भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्, सिरहा। (सूचना टाँस गरिदिनुहुन)
३. श्री जिल्ला समन्वय समितिको कार्यालय, सिरहा। (सूचना टाँस गरिदिनुहुन)
४. श्री कोष तथा लेखा नियन्त्रण कार्यालय, सिरहा। (सूचना टाँस गरिदिनुहुन)
५. श्री कृषि ज्ञान केन्द्र सिरहा। (सूचना टाँस गरिदिनुहुन)

*नोट : लागत साझेदारीमा वाखा स्रोत केन्द्र विकास कार्यक्रम सञ्चालन प्रक्रिया-२०७७ वमोजिम यस गाउँपालिकामा प्रमाणित कार्यक्रम वमोजिमको कार्यक्रम हुनेछ।*
*(अन्य कुरा वुझ्नु परेमा यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ )*



Scanned with CamScanner